CC-0. In Public Domain. Digitization by eGangotri

ने. २६६३
ने. सं. ६१६

सुभाषित-रत्न



रचयिता श्रोत्रिय ब्रह्मनिष्ठ
(डा.) श्री क्षितीशचन्द्र चक्रवर्ती
एम. ए., डी. फील, वि एल.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

(अद्वैत विद्यालय नारायणगढको नैतिक र
वर्ण-परिचय कक्षाको लागि निर्धारित पाठ्यपुस्तक)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

महती देवता ह्येषा
नररूपेण तिष्ठति

राष्ट्रनायक श्री ५ महेन्द्र

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri



Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

प्र. नि. स. १३६/०२५

श्री प्रमुख निजी सचिव
राजदरबार
नेपाल।
जेष्ठ २३, २०२५

महाशय,

श्री ५ महाराजाधिराज सरकारका हजुरमा तपाईले मिति ०२५।२।१४।२ मा चढाई पठाउनु भएको विन्तिपत्र प्राप्त भई मौसुफ सरकारका हजुरमा जाहेर भयो।

मौसुफ सरकारबाट श्री क्षितीशचन्द्र चक्रवर्ती द्वारा लिखित "भक्ति–शिक्षा" नामक पुस्तक प्रकाशनमा आउन लागेकोमा खुशी प्रकट् गर्दै यसको सफलताको निमित्त कामना गरी वक्सेकोले सूचना गरेको छु।

भवदीय
मी० सु० मधुसूदनराज
श्री ५ महाराजाधिराजका
निजी सचिव

श्री श्यामकृष्ण प्रधान,
सभापति, अद्वैत-विद्यालय,
नारायणगढ, चितवन,
हालः— नयाँ सडक, काठमाण्डौं।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

यहाँ के छ ?

यस्तो जिज्ञासा नयाँ चीजको उत्पति अनन्तर सबैमा भइहान्छ। त्यसो हुनाले यहाँ के छ ? यसको जवाफ आउँछ, 'यहाँ सबै छ।' किनकि पदार्थको उत्पत्ति हुनु भन्दा पहिले जो रहन्छ, त्यही "सब" हो। अर्थात् पदार्थहरू जसबाट सिद्ध हुन्छन् तिनै वस्तु सामान्य रुपले चिनाउने तरिका यहाँ छ।

त्यो वस्तु हो ईश्वर। किनकि ईश्वर हो सर्व-व्यापक, त्यही नै हो सुभाषित रत्नको अमूल्य रत्न। जुन रत्नलाई साधारण र विशेषमा विभाजन गरेको छ। साधारणमा नैतिकता र विशेषमा ईश्वर–पूजाको संज्ञा दिइएको छ। रत्न (गहना) ले बालक बालिकाहरूको सुन्दरता बढाउँछ। बालक बालिका स्वभावैले रत्न

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

हुन्छन् । तर पछि कुसङ्गतले रत्नको चंकिलोपना दबेर जान्छ । ऐले यस्तो हुन नपाओस् वरू जलप दिएर प्रज्वलित नेपालका यी बाल-रत्नहरू चंकिला बनून् । अर्थात् यिनीहरूमा सुभाषा र मीठो एवं नीतियुक्त बोल-चाल र सभ्य एवं शिष्ट व्यवहार होओस् भनेर नै यो सुभाषित रत्न वेगला वेगलै शास्त्र–सागरबाट चुनेर यहाँ राखिएको छ । यसमा २ विभाग छ । प्रथम भागमा साधारण र नैतिक, दोस्रो भागमा ईश्वर–पूजा समावेश गरिएको छ । प्रथम भागबाट बालक बालिकाहरू सामान्य रूपले विभिन्न विषयसित परिचित हुन्छन् । द्वितीय भाग (ईश्वर पूजामा) गएर २१ वटा प्रश्नोत्तर-बाट मानिसको सारभूत तत्त्व ईश्वरलाई आत्मरूपले ग्रहण गर्दछन् । जन्म–मरण–रूप संसार–बन्धनको भयबाट विमुक्त हुने सोपान मिल्दछ । यिनीहरूमा शरीर र शरीर-सम्बन्धि यावत् कुरा हो प्रारब्धाधीन भन्ने कुरा पहिलो भागमा नै अवगत भइसकेको हुनाले यिनीहरूको चित्तको चञ्चलता हटीहाल्छ र ईश्वर–पूजन र, ईश्वर-तत्त्वको बारेमा राम्रो अन्वेषण गर्ने सुअवसर पाउँछन् । फल-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

स्वरूप यिनीहरू इच्छारहित भईकन कर्ममा प्रवृत्त हुन्छन् र माता–पितामा ईश्वर-बुद्धि र राजामा ईश्वर-बुद्धिद्वारा देशका पवित्र सपूत बनेर राजभक्तिमा आधारित सर्वतोमुखी विकासमा योगदान दिन समर्थ हुन्छन्— छोट्करीमा यो भने हुन्छ— यिनीहरूको ऐहिक र पारलौकिक समृद्धि एवं आत्यन्तिक सुख–शान्ति हुन्छ। यो कुरा यहाँ छ। समयानुसार आधुनिकतालाई पनि विद्यालयमा स्थान दिइएको छ। यो भने खुब ख्याल राखिएको छ कि बालपनमै जो हुनुपर्ने हुन्छ। किनकि अन्तःकरण मलिन छैन, सामर्थ्य पनि छैन। अन्त करण मैलो नभएको हुनाले उपदेश प्रतिफलित राम्ररी नै हुन सक्तछ। सामर्थ्य छैन तर त्यो श्री देशिकहरूले प्रदान गर्नुहुन्छ। साँच्चै भनौं भने हिन्दू संस्कृतिको मूल आधार ईश्वरपूजनमा सानैदेखि बालबालिकालाई प्रवृत्त गराउनुपर्छ। बाल्यावस्थादेखि नै शुरू भएको ईश्वर–परायणताले यिनीहरूको चित्त ज्यादै योग्य हुन्छ। दुराचार र व्यसनमा यिनीहरूको चित्त प्रवृत्त हुन सक्तैन। सदाचारिता र निर्लोभिता यिनीहरूको सहज सिद्ध स्वभाव हुन

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

आउँछ । सत्व गुणको आधिक्यले यिनीहरूमा दुर्व्यसन र आलस्यले वास पाउँदैन । यिनीहरू बालक भए पनि यिनीहरू हुन् धेरै पुराना । संस्कार हो पुरानो । लुकेको त्यो सत् संस्कारलाई पुनरुद्बुद्ध गर्छ अद्वैत-विद्यालयले ।

अद्वैत विद्यालयको वैशिष्ट्य यसैमा छ कि स्वभाव-सिद्ध सद्गुणलाई अस्वाभाविक अवगुणहरूको आक्रमणबाट बचाउनु । अनैतिकता जो मानिस र देशको घातक हो । यसको अवसर नदिएर विद्यालयले सानै उमेरमा नीतिविद् बनाएर बालबालिकाहरूलाई विकसित गराउँछ । यस बालबालिकाको सृजना गर्नुमा साधन रूपमा देखापरेका पाठ्य पुस्तकहरूमध्ये यो सुभाषित रत्न हो तृतीय ।

अद्वैत-विद्यालयको परिचय र यसका संस्थापक श्री ब्रह्मनिष्ठ (डा.) क्षितीशचन्द्र चक्रवर्तीको नेपाल प्रतिको सद्भावना, एवं सुख शान्तिको महान् कामना, त्यो हो वर्णनातीत । यस बारेमा जो देखाउनुपर्ने कुरा र भन्नुपर्ने कुरा मेरा परम-स्नेह-युक्त आदरणीय साथी (श्री गोविन्दराम श्रेष्ठ अध्यक्ष अद्वैत महाविद्यालय) एवं श्री

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

चावुराम श्रेष्ठ (उपाध्यक्ष अद्वैत महाविद्यालय) र श्री पं. ज्ञानेश्वर ज्ञवाली (देशिकोत्तम अद्वैत महाविद्यालय) ले क्रमशः नैतिक–शिक्षा, भक्ति–शिक्षा, आत्म–विचार पुस्तिकाहरूको भूमिकामा विशेष उल्लेख गर्नुभएको छ।

भुल्नुहोओइन कि यो विद्यालय हो अद्वैत संस्थाको योजना पञ्चक (अद्वैत संस्था, अद्वैत महा-विद्यालय, सरस्वती संप्रदाय, विश्वविद्यालय, आचार्य संप्रदाय) को मूल आधारस्तम्भ ।

यस्तो हैन कि यस विद्यालयका उत्तीर्ण छात्रहरू क्रमिक रूपले आचार्य संप्रदायमै दीक्षित हुन्छन् । यो त संस्कारको उद्बोधन गराएर मात्र छोडिदिन्छ र आफ्नो उद्बुद्ध संस्कारलाई सुनियोजित ढङ्गबाट आफ्नो आफ्नो मति एवं रूचि अनुसार योजना–पञ्चकमा समाविष्ट हुनु र नहुनु नीतिवित् छात्रको इच्छा-उपर नै आधारित छ ।

फल यो हो कि यिनीहरू व्यवहारकुशल हुनुको साथै बाल्यकालमा प्रतिष्ठापित भएको संस्कारको उद्बो-धनद्वारा आत्म-कल्याणको मार्गमा यिनीहरूको अलमल हुने छैन र ऐहिक पारलौकिक सुख शान्ति प्राप्त गर्ने

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

छन् । यही नै हो यहाँ के छ ? को समाधान ।

अन्त्यमा जसको पवित्र सुशासनमा यस्ता मङ्गलमय योजनाहरूको सृजना भइरहेको छ । यसैले म पुण्यात्मा नेपाल-भूपाल श्री ५ महाराजाधिराज सर्कारको दीर्घायुको कामनाको साथै मेरा परम-पूज्य गुरु श्री ब्रह्म-निष्ठ (डा.) क्षितीशचन्द्र चक्रवर्तीज्यूको चरणारविन्दमा शतशः वन्दनाको अनन्तर पूज्य गुरुको अनवरत आशीर्वाद प्राप्तिको प्रार्थना गर्दै यहाँ के छ ? यसको समाधान यहीँ समाप्त गर्छु ।

गुरुचरणानुरागी
पं. ज्ञानहरि शर्मा पण्डित
अद्वैत-विभूषण, देशिकोत्तम
अद्वैत महाविद्यालय,
संपादक 'साक्षात्कार, पत्रिका
नवरत्नको अन्यतम रत्न

दिनाङ्कः-
रामनवमी
२०२४

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सुभाषित-रत्न

(साधारण र नैतिक)

प्रथम भाग

(ईश्वर-स्तुति)

श्लोक (१)

यस्माद्विश्वमुदेति यत्र रमते यस्मिन् पुनर्लीयते ।
भासा यस्य जगद् विभाति सहजानन्दोज्ज्वलं यन्महः ॥

शान्तं शाश्वतमक्रियं यमपुनर्भावाय भूतेश्वरम् ।
द्वैतध्वान्तमपास्य यान्ति कृतिनः प्रस्तौमि तं पूरुषम् ॥

जहाँबाट यो जगत् उत्पन्न भएको छ, जसमा यो जगत् रमाऊँछ फेरि जसमा लीन भइहाल्छ, जसको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

प्रकाशले यो जगत् प्रकाशित भएको छ। जो सहज आनन्दरूप स्वयंप्रकाशमान अलौकिक ज्योति–रूप हो शान्त सनातन निराकार सर्व–भूतको ईश्वर र द्वैत अन्धकारलाई नाश गरेर जो वस्तु मुक्तिको हेतु हुन्छ त्यो पुरुषलाई म प्रकृष्ट रूपले स्तुति गर्दछु (अर्थात् आफ्नो र जगत्को वास्तव स्वरूप भनी अनुभव गर्दछु ।

(२)

मृत्योर्बिभेषि किं मूढ भीतं मुञ्चति किं यमः ।
अजातं नैव गृह्णाति कुरु यत्नमजन्मनि ॥

हे मूर्ख ! तिमी मृत्युबाट किन डराउँछौ। यमराजले के डराएको मान्छेलाई छोडिदिनुहुन्छ ? जसको जन्म हुँदैन त्यसलाई मात्र यमराजले ग्रहण गर्नुहुन्न। त्यसैले जसरी फेरि जन्म नहोओस्, त्यसको लागि परम यत्न गर्नु तिम्रो कर्तव्य हो।

(३)

आदरेण यथा स्तौति धनवन्तं धनेच्छया ।
तथा चेद्विश्वकर्तारं को न मुच्येत बन्धनात् ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

(३)

धन पाउने इच्छाले मानिस जस्तो आदरपूर्वक धनीको स्तुति गर्दछ, त्यस्तै जो जगत्को स्रष्टा परमेश्वरलाई सर्वश्रेष्ठ भनी स्तुति गर्दछ । यस्तो मानिस संसार बन्धनबाट मुक्त भइहाल्छ ।

(४)

यस्मिन् वस्तुनि ममता मम ताप स्तत्र तत्रैव
यत्रैवाहमुदासे तत्र मुदाऽऽसे स्वभावसंतुष्टः ।

जो वस्तुमा ममता हुन्छ मेरो ताप पनि तहाँ नै हुन्छ । तर जो वस्तुमा हामी उदासीन छौं, त्यहाँबाट निश्चिन्त भईकन स्वतः मन सन्तुष्ट भइहाल्छ ।

(५)

किं ते धनैर्बन्धुभिरेव वा किं,
दारैश्च किं ब्राह्मण यो मरिष्यसि
आत्मानमन्विच्छ गुहां प्रविष्टं
पितामहास्ते क्व गताः पिता च

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

हेर, जब तिम्रो मर्नु नै पर्छ तब तिम्रो धनबाट किम्बा परिवारहरुबाट के हुन्छ ? यथार्थ स्वरूपको ज्ञानको इच्छा गर । त्यो स्वरूप तिम्रो हृदयको भित्र लुकेर बासिराखेको छ । हेर, तिम्रो पिता पितामहहरू कहाँ जानुभयो (अर्थात् अहिले उहाँहरू यहाँ हुनुहुन्न) ।

(६)

धर्मं प्रसङ्गादपि नाचरन्ति
पापं प्रयत्नेन समाचरन्ति
आश्चर्यमेतद्धि मनुष्य-लोकेऽ
मृतं परित्यज्य विषं पिबन्ति

हेर, यो कस्तो आश्चर्य हो कि धर्मको प्रसङ्ग उठ्छ तापनि धर्मलाई (शास्त्रमा विधान गरिएको आफ्नो स्वाभाविक कर्मलाई) मानिस गर्दैन किन्तु प्रयत्न-पूर्वक पाप कर्मलाई भने (शास्त्रमा मनाइ गरिएको कामलाई भने) वेसरी गरिरहन्छ । अर्थात् मूर्ख मानिसले अमृतलाई छाडेर विषको पान गरिराखेको छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

(७)

निर्विवेकतया बाल्ये कामोन्मादेन यौवनम्
वृद्धत्वं विकलत्वेन सदा सोपद्रवं नृणाम्

मनुष्यको बाल्यकाल त्यसै गइहाल्छ । विवेक हुन पाउँदैन । तरूण अवस्थामा कामान्ध भईकन बितिहाल्छ । जब बुढो हुन्छ तब शरीर असमर्थ (हिंड्न-डुल्न, चल्न नसक्ने) भइहाल्छ— यसरी मनुष्यलाई हर-हालतमा उपद्रवै उपद्रव प्राप्त भइहाल्छ ।

(८)

प्रातर्मूत्रपुरीषाभ्यां मध्यान्हे क्षुत्पिपासया ।
त्रस्ताः कामेन बाध्यन्ते प्राणिनो निशि निद्रया ॥

मनुष्यको बिहानको समय मलमूत्रपरित्यागमा नै बितिहाल्छ । मध्यान्ह (दिउसो) भोक र प्यास (निवृत्ति कसरी गर्ने आदि) चिताउनुमा नै गइहाल्छ । भला खान-पिन व्यवहारले दिन बिते पनि राति निद्रा लागे त हुन्थ्यो तर प्राणीहरूको मनमा धेरै प्रकारका कुतर्क

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

चलीरहन्छन् र मस्त निद्रा आउँदैन तर पनि काम र निद्राले नै मानिसलाई सताइरहन्छ ।

(९)

न विषय-भोगो भाग्यं भोग्यं खलु यत्र जन्तुमात्रमपि ।
ब्रम्हेन्द्ररुद्रमृग्यं भाग्यं विषयेषु वैराग्यम् ।

विषयभोग मिलिराख्नु मनुष्यको उत्तम भाग्य हैन । किनकि सारा प्राणीहरूलाई यो भोग मिलि नै राखेको छ । तर यस्तो भोगवाट कसैलाई शान्ति मिलेन । त्यसकारण (विषय भोगवाट शान्ति नमिलेकोले) ब्रह्मा, इन्द्र, शिवजी वैराग्यलाई नै आफ्नो सौभाग्य संझनु हुन्छ ।

फेरि अर्को कुरा सुनः—

(१०)

दिनमेकं शशी पूर्णः क्षीणस्तु बहुवासरान् ।
सुखाद् दुःखं सुराणामप्यधिकं का कथा नृणाम् ॥

देवताहरूलाई पनि सुखको अनुभव पछि धेरै

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

दुःख आइराख्छ (देवतालाई पनि सुख भन्दा दुःखको अनुभव धेरै हुन्छ) तव मनुष्यलाई दुःखको अनुभव भइ-रहन्छ मने यसमा के आश्चर्य ! दृष्टान्त हेर न चन्द्रमा एकदिन पूर्ण हुन्छन् । धेरै दिन अपूर्ण नै रहिरहन्छन् । पूर्ण पूर्ण हुने चाहना उनीलाई पनि थियो । तर मिलेन । यो हो नीति (अथवा प्रारब्ध) ।

(११)

दैवमुल्लङ्घ्य यत्कार्यं क्रियते फलवन्न तत् ।
सरोम्भश्चातकेनान्तं गलरन्ध्रेण गच्छति ॥

दैवलाई उल्लङ्घन गरेर जो कार्य गरिन्छ, त्यो सफल हुँदैन । तलाउको पानी काकाकुलले पिउन लागे घाँटीको प्वालबाट त्यो पानी बाहिर निस्किहाल्छ (भित्र पस्न पाउँदैन) ।

(१२)

किं करोति नरः प्राज्ञः शूरो वा प्यथ पण्डितः
दैवं यस्य फलान्वेषी करोति विफलाः क्रियाः

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

मानिस बुद्धिमान् शूर वीर अथवा पण्डित भएर पनि फलको इच्छाले उद्योग गरे तापनि यदि भाग्य (दैव) छैन भने उद्यम निष्फल भइहाल्छ ।

(१३)

दैवे विमुखतां याते न कोप्यस्ति सहायवान् ।
पिता माता तथा भार्या भ्राता वाथ सहोदरः ॥

दैव प्रतिकूल भए अरू कोही पिता, माता, स्त्री, दाज्यू भाई आदि सहाय हुन सक्तैन ।

(१४)

दैवं फलति सर्वत्र न विद्या नच पौरुषम्
पाषाणस्य कुतो विद्या येन देवत्वमागतः ।

जहाँ पनि दैव नै सफल हुन्छ । अथवा पौरुष सफल हुन सक्तैन । पाषाण (ढुंगा) ले के उद्योग गरेको थियो र शालिग्राम बन्न सक्यो ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

(१५)

विपत्तौ किं विषादेन संपत्तौ हर्षणेन किम्
भवितव्यं भवत्येव कर्मणामीदृशी गतिः

आपत् भएमा खिन्न किन हुनुपर्‍यो ? सम्पत्तिमा हर्ष किन मान्नुपर्‍यो ? किनकि भवितव्य (जो हुनुपर्ने) भएर नै छोड्दछ । कर्महरूको यस्तै अनिवार्य नतीजा हुन्छ ।

(१६)

अचिन्तितानि दुःखानि यथैवाऽऽयान्ति देहिनाम्
सुखान्यपि तथा मन्ये दैवमत्रातिरिच्यते

जसरी मानिसहरू दुःख-प्राप्तिकै चिन्ता गर्दैनन् तापनि दुःख आइहाल्छ त्यस्तै सुखहरू पनि आइहाल्छन्– किनकि यो हो दैवको अनिवार्य नतिजा ।

(१७)

अयाचितः सुखं दत्ते याचितश्च न यच्छति
सर्वस्वं चापि हरते विधिरुच्छृङ्खलो नृणाम्

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

चाहना नगरे तापनि मानिसले सुख प्राप्त गर्छ र चाहना गरे पनि वस्तु मिल्दैन । यति मात्र हैन मनुष्यको सर्वस्व पनि ईश्वरले हरण गरिहाल्नुहुन्छ ।

(१८)

भवितव्यं यथा येन नासौ भवति चान्यथा
नीयते तेन मार्गेण स्वयं वा तत्र गच्छति

जो चाहिँ भवितव्य (दैव) हो । त्यो कैले पनि अन्यथा हुन सक्तैन । मानिस दैववाट चालित हुन्छ अर्थात् जुन बाटोमा दैव चलाउँछ । त्यही बाटोमा आफू त्यसै चालित भइहाल्छ ।

(१९)

गार्हस्थ्य प्रशंसा

सानन्दं सदनं सुतास्तु सुधियः कान्ता प्रियालापिनी ।
सन्मित्रं सुधनं सुयोषिति रतिश्चाज्ञापराः सेवकाः ॥
आतिथ्यं शिवपूजनं प्रतिदिनं मिष्टान्नपानं गृहे ।
साधो सङ्गमुपासते हि सततं धन्यो गृहस्थाश्रमः ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

जुन गृहस्थको घरमा अतिथि (पाहुना) को सेवा, शिवजीको पूजा, मीठो अन्नपान हुन्छ त्यस्तो गृहस्थ र गृहस्थाश्रम धन्य हो।

(२०)

सत्सङ्गति–प्रशंसा

साधूनां दर्शनं पुण्यं तीर्थ–भूता हि साधवः।
कालेन फलते तीर्थं सद्यः साधु–समागमः॥

सज्जनको दर्शन हो पुण्यमय। किनकि सज्जन हो तीर्थरूप। यति मात्र हैन तीर्थ–सेवाको फल कालान्तरमा प्राप्त हुन्छ, किन्तु सज्जनसितको सत्सङ्गतले तत्काल नै फल–प्रदान गरिहाल्छ र सज्जनको सङ्गचाट आफू पनि तत्कालमा सज्जन बनिहाल्छ।

(२१)

असत्–सङ्गति

दुष्टतां दुष्ट–संसर्गा ददुष्टमपि गच्छति
सुराविन्दुनिपातेन पञ्चगव्यघटी यथा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

दुष्ट मानिसको संसर्गबाट (बसाउठबाट) सज्जन पनि दुष्ट बनिहाल्छ। जस्तो एक थोपा रक्सीले पञ्चगव्य राखेको पात्र पनि दूषित भइहाल्छ।

द्र।

(२२)

अणुरप्यसतां सङ्गः सद्गुणं हन्ति विस्तृतम्।
गुणरूपान्तरं याति तक्र-योगा यथा पयः॥

अलिकति पनि अर्थात् एक छिन पनि दुर्जन-सितको संगमले धेरै सद्गुणलाई नष्ट गरिदिन्छ। जस्तो महीको संयोगले दूध बिग्रिहाल्छ। त्यस्तै अतल्ल गुणमा पनि दुर्जनको सङ्गले रूपान्तर प्राप्त भइहाल्छ (गुनी पनि बैगुनी भइहाल्छ)।

(२३)

आत्म-श्लाघा-निन्दा

परैः प्रोक्ता गुणा यस्य निर्गुणोऽपि गुणी भवेत्।
इन्द्रोऽपि लघुतां याति स्वयं प्रख्यापितैर्गुणैः॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अरूबाट जुन मानिसको गुणहरूको बयान हुन्छ, त्यो मानिस गुणरहित भए पनि गुणी भइहाल्छ। किन्तु आफ्नो गुण आफैले बयान गर्न लाग्यो भने इन्द्र पनि सानो भइहाल्छ। त्यसो भएको हुनाले आफ्नो गुणको बयान आफै नगर्नू। आफ्नो तारीफ आफूले नगरे अरूले आफ्नो गुण गाइहाल्छ (यो हो युक्तिबाट सिद्ध कुरा)।

(२८)

क्षमा-प्रशंसा

नरस्याऽऽभरणं रूपं रूपस्याऽऽभरणं गुणः
गुणस्याऽऽभरणं ज्ञानं ज्ञानस्याऽऽभरणं क्षमा।

मानिसको अलङ्कार हो आफ्नो रूप, फेरि रूपको अलङ्कार हो आफ्नो गुण। फेरि गुणको अलङ्कार हो ज्ञान र ज्ञानको अलङ्कार हो क्षमा। असमर्थ पुरुषको क्षमा हो बल, समर्थवान्को भूषण हो क्षमा। क्षमाबाट लोक वशीभूत हुन्छ— क्षमाबाट के कुरा सिद्ध नहोला?

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

(२५)

उद्यम-प्रशंसा

उद्यमबाट नै कार्य सिद्ध हुन्छ । मनोरथले (चिताएर मात्र) कुनै काम सिद्ध हुँदैन । हेरन, यो त सबैले जानेकै छन् कि सुतेको सिंहको मुखमा मृगहरू आफै आएर पस्तैनन् । त्यसैले उद्यम गर्नु नै पर्दछ ।

त्यो कुरा तलको श्लोकले देखाउँछ :—

उद्यमेन हि सिध्यन्ति कार्याणि न मनोरथैः
न हि सुप्तस्य सिंहस्य प्रविशन्ति मुखे मृगाः

अर्को पनि छ :—

(२६)

पूर्व-जन्म-कृतं कर्म तद्दैवमिति कथ्यते
तस्मात् पुरुषकारेण विना दैवं न सिध्यति

पहिलो जन्ममा गरिएको कर्मलाई दैव भन्दछन् । त्यसैले यो स्पष्ट भयो कि पुरुषार्थ विना दैव सिद्ध हुँदैन ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

(२७)

आलस्यं हि मनुष्याणां शरीरस्थो महान् रिपुः
नास्त्युद्यमसमो बन्धुः कृत्वा यं नावसीदति

आलस्य नै मानिसहरूको शरीरमा रहेको ठूलो शत्रु हो। उद्यम–समान बन्धु अर्को छैन। जुन उद्यम (पुरुषार्थ) गरे मानिस खिन्न हुँदैन।

(२८)

धीर–प्रशंसा

स एव धन्यो विपदि स्वरूपं यो न मुञ्चति
त्यजत्यर्ककरै स्तप्तं हिमं देहं न शीतताम्

जो आपत्–कालमा पनि आफ्नो स्वरुपलाई छोड्दैन (विकारी बन्दैन) त्यो मानिस नै धन्य हो। हेर सूर्य–तापले तप्त भएता पनि चीसो शरीर (मूर्दाको शरीर) हो त्यो कैले पनि आफूको चीसोपनालाई छोड्दैन।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

(२९)

तृष्णा-निन्दा

तृष्णा हि चेत् परित्यक्ता को दरिद्रः क ईश्वरः
तस्याश्चेत् प्रसरो दत्ता दास्यं च शिरसि स्थितम्

पदार्थको इच्छा अथवा तृष्णालाई परित्याग गरेपछि कोही दरिद्री र कोही ऐश्वर्यवान् (धनी) हुन शक्तैन ।

अर्को पनि छ :—

(३०)

यच्च काम-सुखं लोके यच्च दिव्यं महत्सुखम्
तृष्णा-क्षयसुखस्यैते नार्हतः षोडशीं कलाम् ।

(लोकमा जो काम (इष्ट-वस्तु-लाभ) बाट उत्पन्न भएको जो सुख हो, जो स्वर्गमा प्राप्त हुने जो ठूलो सुख हो— ती सारा सुख तृष्णाको नाशबाट उत्पन्न भएको जो सुख हो त्यसको सोह्र भागको एक भाग पनि छैन ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

(३१)

आशा बलवती कष्टं नैराश्यं परमं सुखम्
आशां निराशां कृत्वा तु सुखं स्वपिति पिङ्गला

आशा (इच्छा) हो ठूलो कष्ट, निराशा हो ठूलो सुख। आशालाई बिलकुलै छोडीकन सुखसित पिंगला सुतेकी थिई।

(३२)

सन्तोष-प्रशंसा

यो मे गर्भगतस्यापि वृत्तिं कल्पितवान् स्वयम्
शेष-वृत्ति-विधाने च स किं सुप्तो ऽथवा मृतः।

म गर्भमा हुँदा खेरि नै स्वयं आफै मेरो जीवनको उपाय रचना जसले गर्नुभयो। उहाँ मेरो बाँकी जीवनको लागि बनाउनामा किन समर्थ हुन नसक्नु। किनकि त्यो परमेश्वर ऐले पनि निदाएको हैन र मरेको पनि छैन।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

(३३)

परोपकार

परोपकारः कर्तव्यः प्राणैरपि धनैरपि ।
परोपकारजं पुण्यं न स्यात् क्रतुशतैरपि ॥

प्राण दिएर, धन खर्च गरेर, पनि अरूको उपकार गर्नुपर्छ । किनकि परोपकारबाट उत्पन्न भएको पुण्य शयकडौं यज्ञबाट पनि मिल्न शक्तैन ।

(३४)

धनानि जीवितं चैव परार्थे प्राज्ञ उत्सृजेत्
तन्निमित्तो वरं त्यागो विनाशे नियते सति

बुद्धिमान् मानिस धनलाई र आफ्नो जीवनलाई पनि अरूको निम्ति छोडीदिन्छ । जब धन र जीवन एकचोटि नाश भइहाल्छ, तब अरूको उपकारको लागि किन नदिनु ? किन त्यसलाई त्याग (दान) नगर्नु ?

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

(३५)

आत्मार्थं जीवलोके ऽस्मिन् को न जीवति मानवः
परं परोपकारार्थं यो जीवति स जीवति ।

संसारमा आफूको लागि सबै मानिस बाँची-रहेको हुन्छ । तर अरूको लागि बाँचीरहनु नै हो वास्तव-मा बाँचीरहनु ।

(३६)

परोपकार–शून्यस्य धिक् मनुष्यस्य जीवितम्
जीवन्तः पशवो येषां चर्माप्युपकरिष्यति

जो अरूको लागि उपकार गर्दैन त्यस्तो मानिस-लाई धिक्कार छ । किनकि पशुहरू पनि मरण अनन्तर बाँचीरहन्छन् । अर्थात् उनीहरूको छाला र हाडले मनुष्यको उपकार भइरहेको छ ।

(३७)

दातुः परोपकृति–निर्भर–चित्त–वृत्तेः ।
आसन्न–दूर–गणना न हि संश्रितेषु ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

भानुर्विकासयति हन्त सरोज-खण्डम् ।
पाणिस्थ-पङ्कज-समं भुवनान्तरेषु ॥

जो अरूको उपकार गर्नुको लागि निश्चय गर्दछ, त्यो नजिक भए पनि अथवा टाढा भए पनि प्राणीहरूको उपकार गर्दछ— जस्तो सूर्य नजिक र धेरै टाढा रहेको कमललाई विकसित गर्नु हुन्छ ।

(३८)

एकाकरं दिनकरो विकचं करोति ।
चन्द्रो विकासयति कैरवचक्रवालम् ॥
नाभ्यर्थितो जलधरोऽपि जलं ददाति ।
सन्तः स्वयं पर-हितेषु कृता-भियोगाः ॥

जलधर (मेघ) हामीहरूको चाहना विना पनि पानी वर्षाइदिन्छ । त्यस्तै सज्जन पुरुष अरूको हितको लागि आफूको जीवनलाई लगाइरहन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

(३९)

उदार-प्रशंसा

अदाता पुरुष–स्त्यागी धनं संत्यज्य गच्छति ।
दातारं कृपणं मन्ये मृतो ऽप्यर्थं न मुञ्चति ॥

जो मानिस दान गर्दैन, त्यो मर्दा खेरी धनलाई त्यागीकन त्यागी बनेर मरीहाल्छ । दाता मानिस मरिकन पनि अर्थलाई छोड्दैन । अर्थात् परमार्थ अथवा परम सुख प्राप्त गर्दछ ।

(४०)

लोभ–निन्दा

लोभः प्रतिष्ठा पापस्य प्रसूति लोभ एव च ।
द्वेष–क्रोधादिजनको लोभः पापस्य कारणम् ॥

लोभ हो सारा पापको जन्मदाता र प्रतिष्ठा । लोभबाट द्वेष, क्रोध, आदि उत्पन्न हुन्छ । जहाँबाट पाप हुन्छ (अर्थात् लोभ पापको कारण हो) ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

(४१)

लोभात् क्रोधः प्रभवति लोभात्कामः प्रजायते ।
लोभान् मोहश्च नाशश्च लोभः पापस्य कारणम् ।

लोभबाट क्रोध आउँछ । लोभबाट काम (विषय प्रतिको इच्छा) उत्पन्न हुन्छ । लोभबाट मोह पैदा हुन्छ र लोभबाट नाश पनि भइहाल्छ । त्यसकारण लोभ हो पापको कारण ।

(४२)

मातरं पितरं पुत्रं भ्रातरं वा सुहृतमम् ।
लोभाविष्टो नरो हन्ति स्वामिनं वा सहोदरम् ॥

लोभको वशीभूत भएर मानिस आत्मालाई, भाईलाई र मित्रलाई हनन गर्छ (मार्दछ)— आफ्नो स्वामीलाई अथवा सहोदरलाई पनि नाश गरिदिन्छ ।

(४३)

लोभेन बुद्धि श्चलति लोभो जनयते तृषाम् ।
तृषार्तो दुःखमाप्नोति परत्रेह च मानवः ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

लोभबाट बुद्धि विचलित हुन्छ। लोभ तृष्णा-लाई उत्पन्न गर्छ। तृष्णायुक्त मानिस यो लोकमा र परलोकमा पनि दुःख पाउँछ।

(४४)

लोभाविष्टो नरः पूर्वं वीक्षते न स चापदम्
दुग्धं पश्यति मार्जारो न तथा लगुडाहतिम्

लोभ–युक्त मानिस धनलाई देख्दछ। किन्तु आपत्लाई देख्दैन। जस्तो बिरालो दूधलाई देख्दछ। तर आफूलाई चोट दिने लट्ठीलाई देख्दैन।

(४५)

प्रायेण धनिनामेव धनलोभो निरन्तरम्।
... ... लुब्धेभ्यः सर्वतो भयम्।
कार्याकार्य-विचारो लोभ-विमूढस्य नास्त्येव।

प्रायः धनी मानिसलाई निरन्तर धनको लोभ भइहाल्छ। लोभ–युक्त मानिसलाई ज्यादा डर हुन्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

जो लोभबाट विमूढ हुन्छ । त्यसको लागि यो कर्तव्य हो र अकर्तव्य हो भन्ने विचार उत्पन्न हुन शक्तैन ।

(४६)

सज्जन-प्रशंसा

गङ्गा पापं शशी तापं दैन्यं कल्पतरुस्तथा ।
पापं तापं च दैन्यं च घ्नन्ति सन्तो महाशयाः ॥

गङ्गा पापलाई हरण गर्नुहुन्छ । चन्द्रमा तापलाई हरण गर्नुहुन्छ । कल्पवृक्ष दरिद्रीपनालाई हटाइदिन्छ । किन्तु एकलै सन्त सज्जन पुरुषहरू पापलाई तापलाई र दीनतालाई नष्ट गरिदिनुहुन्छ ।

(४७)

संपत्सु महतां चित्तं भवत्युत्पल-कोमलम्
आपत्सु च महाशैल-शिला-संघातकर्कशम्

सम्पत्ति भएको बेला सज्जन पुरुषको चित्त कमल जस्तो कोमल हुन्छ र आपत् कालमा पर्वत जस्तो कठिन हुन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

(४८)

सन्तः स्वतः प्रकाशन्ते गुणा न परतो नृणाम् ।
आमोदो नहि कस्तूर्याः शपथेन विभाव्यते ॥

सज्जन पुरुषका गुणहरू त्यसै प्रकाशित भइहाल्छन् । अरूबाट प्रकाशित हुनुपर्दैन । जस्तो कि कस्तूरीको गन्ध पाउनको लागि केही प्रयास गर्नुपर्दैन, त्यसै मिलिहाल्छ ।

(४९)

श्लोकस्तु श्लोकतां याति यत्र तिष्ठन्ति साधवः
लकारो लुप्यते तत्र यत्र तिष्ठन्त्यसाधवः ।

जहाँ सज्जन रहनु हुन्छ, त्यहाँ श्लोक वास्तवमा श्लोकमा प्राप्त हुन्छ— सार्थक हुन्छ । अर्थात् साधु हो स्तुतिको योग्य व्यक्ति, किन्तु जहाँ असाधु (दुर्जन) स्थित हुन्छ, त्यहाँ श्लोकबाट लकार लुप्त हुन्छ । अर्थात् दुर्जन मानिस शोकको पात्र बन्दछ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

(५०)

यथा चितं तथा वाचो यथावाचस्तथा क्रिया ।
चिते वाचि क्रियायां च साधूनामेकरूपता ॥

सज्जनको जस्तो चित्त हुन्छ, वाणी पनि त्यस्तै हुन्छ । जस्तो वाणी हुन्छ, त्यस्तो क्रिया पनि हुन्छ । सज्जन पुरुषको चित्त, वाणी र क्रिया एक साथ हुन्छ (चित्त एउटा, काम अर्कै हुँदैन) ।

(५१)

पण्डित-प्रशंसा

पण्डिते हि गुणाः सर्वे मूर्खे दोषाश्च केवलाः ।
तस्मान्मूर्खसहस्रेभ्यः प्राज्ञ एको विशिष्यते ॥

पण्डित जनमा केवल गुणहरू नै देखिन्छन् । त्यसैले हजारौं मूर्ख मानिसभन्दा एक जना विद्वान् मानिस श्रेष्ठ हुनुहुन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

(५२)

विद्वानेव विजानाति विद्वज्जनपरिश्रमम्
नहि वन्ध्या विजानाति गुर्वीं प्रसववेदनाम् ।

विद्वान् (ज्ञानवान्) पुरुषले विद्वान्को परिश्रमलाई जान्नुहुन्छ । जस्तो वन्ध्याले ठूलो प्रसव–वेदनालाई जान्न शक्तिनन् ।

(५३)

विद्वत्त्वं च नृपत्वं च नैव तुल्यं कदाचन ।
स्वदेशे पूज्यते राजा विद्वान् सर्वत्र पूज्यते ॥

विद्वान् हुनु र राजा हुनु कहिल्यै पनि बराबर हैन । किनकि राजा आपनो देशमा मात्र संमानित हुनुहुन्छ र विद्वान् पुरुष सर्वत्र नै पूजनीय हुनुहुन्छ ।

(५४)

सत्यं तपो ज्ञानमहिंसता च ।
विद्वत्प्रणामं च सुशीलता च ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

एतानि यो धारयते स विद्वान् ।
न केवलं यः पठते स विद्वान् ॥

जो मनुष्य केवल पढ्दछ, त्यो विद्वान् हुँदैन । किन्तु जसले सत्य, तपस्या, ज्ञान, अहिंसा विद्वान्लाई प्रणाम र सुशीलपनालाई धारणा गर्दछ, त्यो हो वास्तवमा विद्वान् पुरुष ।

(५५)

राज-प्रशंसा

महती देवता ह्येषा नररूपेण तिष्ठति ।
+ + + +

यो हाम्रो राजा वास्तवमा हुनुहुन्छ परमेश्वर— हामीहरूको कल्याणको लागि मनुष्यरूप लिईकन प्रकट हुनुभएको ।

(५६)

कल्पद्रुमो नजानाति न ददाति बृहस्पतिः ।
अयं तु जगतीजानिर्जानाति च ददाति च ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

कल्प-वृक्ष जान्न शक्तैन, वृहस्पति दिनुहुन्न। किन्तु जो राजा हुनुहुन्छ, उहाँ जान्नु पनि हुन्छ, दिनु पनि हुन्छ।

(५७)

आर्तानां मिह जन्तूनामार्तिच्छेदं करोति यः।
शङ्ख-चक्र-गदा-हीनो द्विभुजः परमेश्वरः॥

यस पृथिवीमा दुःखी मानिसको आपत् राजाले हरण गर्नुहुन्छ। त्यसैले राजा हुनुहुन्छ शङ्ख चक्र नलिनु भएको दुइ बाहुली भएको परमेश्वर।

(५८)

रविः करसहस्रेण दशाशा-परि-पूरकः
त्वमेकेन करेणैव सहस्राशा-प्रपूरकः।

सूर्य हजारौं हातले दश ओटा दिशालाई परिपूर्ण गर्नुहुन्छ। तपाई (राजा) एक हातले नै हजारौं आशालाई पूरा गर्नुहुन्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

(५९)

ब्रम्ह–वन्दना

दिक्कालाद्यनवच्छिन्नानन्तचिन्मात्रमूर्तये ।
स्वानुभूत्येकमानाय नमः शान्ताय तेजसे ॥

दिशा, काल आदिबाट एक सीमित नभएको अखण्ड चैतन्य मात्र स्वरूप, जसको अस्तितामा एकमात्र अनुभूति हो प्रमाण । यस्तो शान्त प्रकाश–रूप परमेश्वर-लाई म नमस्कार गर्छु (अर्थात् आफ्नो वास्तव स्वरूप भनी अनुभव गर्छु) ।

(६०)

चरा–चर–जगत्–स्फार–स्फूरत्ता–मात्र–धर्मिणे ।
दुर्विज्ञेयरहस्याय युक्तैरप्यात्मने नमः ॥

जो स्थावर जङ्गम जगत्को स्पष्ट सत्ता प्रदान गर्ने वाला हो र जसको वास्तव स्वरूप जान्नु अत्यन्त कठिन हो यस्तो आत्मस्वरूपलाई म नमस्कार गर्दछु । (अर्थात् मेरो वास्तव स्वरूप हो भनी अनुभव गर्दछु) ।

—*—

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सुभाषित-रत्न

द्वितीय भाग

(ईश्वर-पूजा)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

ईश्वर-पूजा

प्र. (१) एक देवता कुन हुन् ?

उ. जो अखण्ड प्रकाश प्रतिपदार्थमा र सृष्टिकर्ता ईश्वरमा समान रूपले विद्यमान छ। त्यही परमात्मालाई सम्यक् रूपले संझने मानिसको सारा पाप नाश गरेर अज्ञानलाई पनि— आफ्नो वास्तव स्वरूपको ज्ञान उत्पन्न गराएर— नाश गरिदिनु हुन्छ, वहाँ नै हुनुहुन्छ एक देवता[१]। अर्थात् परमेश्वरको पूजाबाट पाप नष्ट हुन्छ र पापको कारण अज्ञान पनि आफ्नो स्वरूप-ज्ञानको उत्पत्तिबाट नष्ट हुन्छ। त्यसकारण परमेश्वर हुनुहुन्छ एकमात्र श्रेष्ठ देवता।

प्र. (२) श्रेष्ठ आश्रय कुन हो ?

उ. मनुष्यको सर्वश्रेष्ठ आश्रय हो— सबैको (चर अचर सारा पदार्थको) प्रकाशक जो नित्य अखण्ड चैतन्य

---

१. सर्वोपरि देवता हो शुद्ध चैतन्य।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

रूप हो जो यस लोकका र परलोकका सारा प्राणी-को भित्र स्थित भएर सबैलाई नियन्त्रण गरि-राख्नुहुन्छ— त्यही परब्रह्म देव सबै प्राणीको आश्रय । अर्थात् परम गति हुनुहुन्छ ।

प्र. (३) कसको स्तुति गरे कल्याण मिल्दछ ?

उ. सारा दृश्य वर्गको जो नियन्ता हुनुहुन्छ । सम्पूर्ण दृश्य वर्गलाई जो आफ्नो स्वाभाविक प्रकाशद्वारा प्रकाश गरिरहनुहुन्छ । त्यही परमेश्वरको तप, पूजा र जप गर्नुबाट सारा दुःख नाश हुन्छ । त्यही परमेश्वरको शरण परेपछि (स्तुति गरेपछि) मानिस-लाई अवश्य कल्याण मिल्दछ ।

प्र. (४) कसको पूजा गरे कल्याण मिल्छ ?

उ. त्यही अव्यय परमेश्वर–रूप पुरुषलाई भक्तिद्वारा नित्य अर्चना (पूजा) गर्नाले नै कल्याण मिल्छ ।

प्र. (५) श्रेष्ट धर्म कुन हो ?

उ. सारा धर्मको उत्कृष्ट धर्म हो भक्तिद्वारा हृदयमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

विराजमान हुनुभएको प्रकाशमान परमेश्वरलाई स्तुति आदि द्वारा अर्चना गर्नु हो श्रेष्ठ धर्म ।

प्र. (६) कसको नाम जपेर मानिस संसाररूप बन्धनबाट मुक्त हुन्छ ?

उ. जगत्को प्रभु पुरुषोत्तम परमेश्वरको नामसहस्रद्वारा गुणावलिलाई कीर्तन गरेर मनुष्य सारा दुःखबाट मुक्त हुन सक्छ । यो जो स्थावर जङ्गम संसार हो त्यसको प्रभु हुनुहुन्छ परमेश्वर परमात्मा । त्यो परमात्माको गुण–संकीर्तन गर्नुबाट मानिस संसार-रूप बन्धनबाट मुक्त हुन्छ ।

प्र. (७) सारा शास्त्रले के कुराको निर्णय गरेको छ ?

उ. सारा शास्त्रको मन्थनबाट एकै कुराको निर्णय गरेको छ । त्यो हो भगवान् नारायणको ध्यान ।

प्र. (८) भगवान्को ध्यानबाट के कुरा पाइन्छ ?

उ. भगवान्को ध्यानबाट सारा कुरा मिल्दछ । त्यही कुरा यहाँ बताइन्छः—

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

यस्मिन् न्यस्तमतिर्नयाति नरकं स्वर्गोऽपि यच्चिन्तने विघ्नोयत्र निवेशितात्ममनसो ब्राह्मोऽपि लोकोऽल्पकः मुक्तिं चेतसि यः स्थितो ऽमलधियां पुंसां ददात्यव्ययः किं चित्रं यदघं प्रयाति विलयं तत्राच्युते कीर्तिते॥

जसमा चित्त लगाउनाले नरक जाँदैन, जुन परब्रह्मको चिन्तनमा स्वर्ग पनि विघ्न रूप हुन्छ। जसमा चित्त लगाउनाले ब्रह्मलोक पनि तुच्छ प्रतीत हुन्छ। जो निर्मल चित्त भएका मानिसको चित्तमा विराजमान भएर मुक्ति–प्रदान गर्नु हुन्छ। तब त्यस्तो भगवान्को कीर्तनबाट पाप नाश हुन्छ। यो त के भन्नुपर्छ।

प्र. (९) भगवान्को चिन्तन कसरी गर्नुपर्छ ?

उ. चित्त नचलाई, अर्थात् धनजनको आशा इच्छा नगरी बस्नुपर्छ। चित्त नचलाई बसे पनि तिम्रो धन–जनको रक्षा त्यही भगवान्बाट नै भइराख्छ। सारा मानिसको दुःख नाश हुन्छ। किनकि भगवान्को आश्रय लिएको मानिसलाई कोही नाश गर्न शक्तैन।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

प्र. (१०) कसलाई नित्य शान्ति मिल्छ ?

उ. धन, कीर्तिबाट शान्ति सुख मिल्दैन । "जो सारा प्राणीको अन्तरात्मा हो जो सबैलाई (नीति अनुसार) वश गर्नुहुन्छ । आफू एक भएर नाना आकार बन्नु हुन्छ । यस्तो आत्मरूप (भगवान्) लाई जो धीर (ज्ञाननिष्ठ) पुरुष देख्दछन् र अभिन्न रूपले अनुभव गर्दछन् । ती नै महात्मा पुरुषलाई शाश्वत सुख शान्ति मिल्छ । अरू विषयानुरागी पुरूषलाई मिल्दैन । (तिमी पनि महात्मा बन) ।

अरू पनि सुनः—

उहाँ परमेश्वर परमात्मा नित्यहरूको नित्य हो । चेतनहरूको चेतन हो । जो एकलै भएर धेरैको इच्छाहरू पूर्ति गर्नुहुन्छ । यस्तो परमात्मालाई जो धीर (ज्ञाननिष्ठ) पुरुष देख्दछ (अभिन्न रूपले अनुभव गर्दछ) ती नै भाग्यवान् मानिसलाई शाश्वत सुख शान्ति मिल्दछ, अरूलाई मिल्दैन ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

तिमीलाई पनि शाश्वत सुखको चाहना छ भने त्यही सर्वान्तर्यामी परमात्माको शरण लेऊ ।

प्र. (११) हामीहरू सबै पापबाट कसरी मुक्त हुन्छौं ?

उ. भगवान् भन्नुहुन्छ— तिमी सारा धर्महरूलाई छोडेर म शुद्ध चैतन्य परमात्माको शरण लिएर शरणागतवत्सल भगवान् म नै तिमीलाई सारा पापबाट मुक्त गराइदिन्छु ।

प्र. (१२) आत्मा (परमात्मा) कति किसिमको हुन्छ ?

उ. जस्तो प्रकारले (दृष्टि दोषले गर्दा) एकै किसिमको आकाश सेतो नीलो आदि धेरै आकारमा देखिन्छ । त्यस्तै भ्रान्ति–दृष्टिले गर्दा एउटै परमात्मा पनि नाना आकारमा आकारित भएको देखिन्छ । यहाँ जो कुछ देख्नमा आएको छ सारा हो ईश्वररूप ।

प्र. (१३) परमात्मा म देखि कति टाढा र कति फरक हुनुहुन्छ ?

उ. टाढा र नजिक भन्ने भनाइ हो भेद–दृष्टि (अर्थात्

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

आफू वेगलै परमात्मा वेगलै देख्नु) को वास्तव परमात्मा हो एक। यो कुरा जड भरतले राजा रहूगणलाई भन्नुभएको छ। "त्यो परमात्मा—'म' तिमी र सबै हो" सबै नै आत्मस्वरूप हो। म अरू र परमात्मा भेदरूप अविवेकलाई छोडिदेऊ। (अर्थात् सारा हो ईश्वरस्वरूप— यसरी पूजा गर)। अर्को पनि सुन :—

हे सर्व–व्यापक देव ? हे जनार्दन, म तपाई र तपाई नै म हुँ। हामी दुइको भिन्न शब्दले या अर्थले अलिकति पनि भेद छैन। भेद हो अविवेक-पूर्वक। जो कुछ पहिले थियो र अहिले पनि छ। पछि पनि हुनेछ, त्यो सबै तपाई नै हुनुहुन्छ। तपाई विना केही पनि वस्तु छैन।

ईश्वरको एकरूपता बारे अरू पनि सुनः—

भगवान् नै पाँच किसिमको भएर विराज-मान हुनुहुन्छ— (१) भूतात्मा (पञ्च[1] महाभूतले)

१. पृथ्वी, जल, तेज, वायु, आकाश।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

रूपले। (२) इन्द्रियात्मा (आँखा आदि विषय-ग्रहण गर्ने) रूपले। (३) प्रधानात्मा (सृष्टिको आदि कारण) (४) आत्मा (साक्षी रूपले) (५) परमात्मा (परिपूर्ण शुद्ध चैतन्य) रूपले।

प्र. (१४) परमात्मालाई पाउने मुख्य उपाय के हो ?

उ. उपायलाइ शास्त्रमा साधन भनेको छ। परमात्मालाई पाउने साधन धेरै छन्, त्यसमध्ये मुख्य उपाय हो श्रद्धा।

प्र. (१५) श्रद्धा केलाई भनेको छ ?

उ. तिमीले जसबाट उपदेश सुन्न लागिरहेका छौ। त्यसमा अर्थात् गुरुमा र जसले तिम्रो अथवा परमात्मा स्वरूपको यथार्थ स्वरूपलाई स्पष्ट रूपले संझाइदिन्छ, गर्ने नगर्ने कुराको इदमित्थ निर्णय गरेर देखाइदिन्छ; त्यसलाई भन्छन् शास्त्र। यही शास्त्रमा र गुरुमा पूर्ण विश्वास हुनुलाई श्रद्धा भन्दछन्। गुरु-शास्त्र-वचनमा विश्वास हुनु हो श्रद्धा।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

प्र. (१६) श्रद्धा नगरे के हानि हुन्छ ?

उ. श्रद्धा नगरे ठूलो हानि हुन्छ। धर्ममा श्रद्धा नगर्ने मानिस म परमात्मालाई नपाएर मृत्युरूप संसार मार्गमा घुमिरहन्छ। श्रद्धा गर्नाले ज्ञान पाएर शान्ति लाभ गर्छ।

प्र. (१७) ईश्वर भेट्टाउन स्नान दानको पनि आवश्यक छ कि ?

उ. सामान्य रूपले स्नान दानको अवश्य आवश्यक छ। तर विशेष रूपले यस्तो स्नान हुनुपर्छ-- राग र द्वेषरूपी मयल पखाल्ने ज्ञानरूपी रहमा ध्यानरूपी जलमा जो स्नान गर्छ, त्यो परम गतिमा प्राप्त हुन्छ।

प्र. (१८) मानिस पवित्र कसरी बन्दछ ?

उ. जो परमात्मालाई स्मरण गर्दछ, त्यो भित्र बाहिर शुद्ध अर्थात् प्रसन्न रहन्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

प्र. (१९) धर्मको सार सर्वस्व के हो ?

उ. धर्मको सार सर्वस्व सुनेर लेऊ। त्यो यो हो— जो आफ्नो प्रतिकूल (आफूलाई अहितकर) त्यस्तो आचरण (व्यवहार) अरूको निमित्त पनि गर्नु हुँदैन।

प्र. (२०) मानिस शोक–रहित कसरी हुन्छ ?

उ. पाउन पर्ने कुरा मानिस पाइनै हाल्छ। देवता पनि उसलाई लङ्घन गर्न शक्नुहुन्न। तस्मात् शोक र विस्मय मेरो हुन शक्तैनन्। यस्तो हित कुरालाई माने सामान्य रूपले शोक गइहाल्छ। सधैं शोक-रहित हुन पनि गीता परिचय पढे मद्दत दिन्छ।

प्र. (२१) यी प्रश्नोत्तरको सार सर्वस्व के हो ?
बताइदिनोस्।

उ. सज्जन बन्नुका साथ साथै ज्ञानी बन्नु।

—*—

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

वाल्मीकिविद्यापीठपुस्तकालयः

प्रत्यावर्तनतिथिः

Nepal Sanskrit University, Balmeeki Vidyapeeth Pustakalaya

CC-0. In Public Domain. Digitization by eGangotri



यो पुस्तक पाइने ठेगानाः—

१. गणेश–पुस्तक–भण्डार नारायणग

२. अद्वैत–संस्थाका सबै शाखा र उ

३. दयाशंकर प्रदीपशंकर पालिखे साँ

४. रत्न–पुस्तक–भण्डार भोटाहीटि, क

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu